# उपाध्यक्ष श्री सन्जु प्याकुरेलज्यूबाट  एघारौं गाउँ सभामा प्रस्तुत
# आ.व. ०७९।०८० को बजेट तथा कार्यक्रम बक्तव्य

## तादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खरानीटार, नुवाकोट

११औं गाउँसभामा उपाध्यक्षज्यूबाट
आ.व २०७९/०८० को लागि
प्रस्तुत आय व्यय अनुमान

२०७९/०३/१०

**सम्मानित सभाका सदस्यज्यूहरु**

सर्वप्रथम म नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रियहित र स्वाभिमानको रक्षाका साथै सामाजिक न्याय र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निम्ति आफ्नो अमूल्य जीवन उत्संर्ग गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सार्बभौम नेपाली जनताले निर्माण गरेको नेपालको संबिधान कार्यान्वयनको महत्वपूर्ण चरण र नँया शासन प्रणालीको कार्यान्वयनको रुपमा स्थानिय तहको निर्वाचन २०७९ बाट निर्वाचित यस गरिमामय स्थानिय जनप्रतिनिधिको बैठकमा आर्थिक बर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्न पाँउदा मलाई खुशी लागेको छ ।

जनतालाई शुशासनको प्रत्याभूत गर्दै सिंहदरबारको अधिकार जनताको घर-आँगनमा पुग्न सकेमात्र लोकतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर यस तादी गाउंपालिका सदैब अधिकार सम्पन्न स्थानीय सरकारको पक्षमा दृढताका साथ उभिनेछ । बिकास-निर्माण एंवम साधन श्रोतमा जनताको स्वामित्वले मात्रै लोकतन्त्रलाई सुदृढ गर्नेछ भन्ने बिश्वासका साथ यस गाउँपालिकाको यो बजेट तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

**सम्मानित सभाका सदस्य ज्यूहरु :-**

अव म आगामी आ.व २०७९/०८० को लागि गाउँपालिकाको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**सोच :- " जलश्रोत, शिक्षा, स्वास्थ्य, कृषि ,पर्यटन र पूर्वाधार, समृद्ध र आत्मनिर्भर तादीको निर्माण"** को आधार खडा गर्ने ।

**लक्ष्य :-** स्वस्थ्य, शिक्षित, स्वाबलम्बी, कर्मशील र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने गाउँपालिका बनाउने ।

प्रचुर संभावना रहेको जलश्रोतको उपयोग, कृषिको आधुनिकिकरण ब्यवसायीकरण र बजारीकरण, पर्यटन पुर्वाधार निर्माण, संस्कृति संरक्षण र प्रवर्द्धन तथा दिगो पुर्वाधार निर्माण मार्फत तादी गाउँपालिका लाई आत्मनिर्भर, समुन्नत र समुद्ध बनाउने ।

**उद्देश्य :-**

आगामि आ.व. २०७९/०८० को बजेटमा निम्न उद्देश्य तय गरिएको छ ।

(१) उत्पादकत्वमा बृद्धि गर्दै, रोजगारी र आयमा समेत ध्यान दिई गाउँबासीहरुलाई आत्मनिर्भर तर्फ उन्मुख गराउने ।

(२) स्वस्थ, प्रतिस्पर्धी र दक्ष मानव संशाधनको विकास गरी समग्र संस्थागत विकासको शुरुवात गर्नु

(३) गुणस्तरीय पूर्वाधार, व्यवस्थित बजार तथा आधारभूत सुविधाको पहुँचमा बृद्धि गर्नु

(४) जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्नु

(५) सेवा सुविधा, कार्यसम्पादन तथा जवाफदेहिताको स्तरमा अभिबृद्धि गनु

(६) खेतियोग्य जमिनमा सिंचाईको सुबिधा उपलब्ध गराउँदै जाने,

(७) कृषि क्षेत्रको आधुनिकिकरण, यान्त्रिकिकरण, व्यवसायीकरण र बजारिकरण गर्ने,

(८) रोजगारी श्रृजना र अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने,

(९) शिक्षाको गुणस्तर बृद्धि गर्ने,

(१०) गाउँपालिकाका सबै वडाहरुमा बाह्रै महिना सडक यातायातको पहुँच पुऱ्याउने ।

(११) आवधिक विकास योजनाको लक्ष्य अनुसारका क्रियाकलापहरु क्रमशः सञ्चालन गर्दै लैजाने ।

**बजेट तर्जुमा गर्दा लिईएको आधारहरु :-**

- नेपालको संबिधानले परिलक्षित गरेका निर्देशक सिद्धान्त र नीतिहरु,
- पन्ध्रौं पञ्वर्षीय योजना २०७६/०७७-०८१/०८२ ले निर्धारण गरेको उदेश्य र प्राथमिकताहरु,
- स्थानीय सरकार संचालन ऐन-२०७४,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली,
- दिगो विकास लक्ष्य,
- गाउँपालिकाको आवधिक विकास योजना, २०७६ - २०८०
- नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका बिभिन्न समयका मार्गदर्शन तथा परिपत्रहरु,
- नेपाल सरकार अर्थमन्त्रालयबाट प्राप्त निर्देशन तथा परिपत्रहरु,
- संधीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम एवं बजेट बक्तव्य

- वडा समितिबाट बजेट तर्जुमा समिति हुंदै सहभागितामुलक योजना तर्जुमा प्रक्रिया द्वारा प्राथमिकिकरण सहित प्राप्त आयोजना तथा सुझावहरु,

**आगामि आर्थिक बर्ष २०७९/०८० को बजेट तर्जुमा गर्दा देहायका क्षेत्रलाई प्राथमिकता दिईएको छ :-**

(१) समावेसी आर्थिक विकास र रोजगारी,

(२) पिछडिएको बर्ग तथा क्षेत्रको लागि बिशेष कार्यक्रम,

(३) दिगो भौतिक पुर्वाधार,

(४) कृषि क्षेत्रको आधुनिकिकरण, यान्त्रिकिकरण, ब्यवसायीकरण र बजारीकरण,

(५) शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई लगायतका सामाजिक विकासका क्षेत्रमा सबै नागरिकको सहज पहुंच

(६) सुशासन र सार्वजनिक सेवा प्रवाहमा सुधार,

(७) बातावरण संरक्षण र विपद ब्यवस्थापन,

(८) खानेपानी तथा खेतियोग्य जमिनमा सिंचाईको पुर्णता,

**सम्मानित सभाका सदस्य ज्यूहरु :-**

आगामी आ.व. २०७९/०८० को आय र ब्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आगामी आ.व. २०७९/०८० को लागि कुल रु ४४ करोड १४ लाख ९० हजारको आय ब्यय अनुमान पेश गरेको छु । यो रकम मध्ये आन्तरीक स्रोत तर्फ बिभिन्न कर तथा शुल्क संकलनबाट रु ७० लाख अनुमान गरिएको छ । त्यसै गरी राजस्व बांडफांड (संघ तथा प्रदेश) बाट रु. ८ करोड ३८ लाख ७२ हजार, बित्तीय समानीकरण अनुदान (संघ तथा प्रदेश) बाट रु. ९ करोड ५१ लाख ११ हजार,सशर्त अनुदान (प्रदेश तथा केन्द्र) बाट रु. २२ करोड १० लाख ०८ हजार,समपुरक अनुदान(संघ तथा प्रदेश)बाट रु २ करोड ९९ लाख ९ हजार,विशेष अनुदान(प्रदेश) बाट रु ४५ लाख प्राप्त हुने अनुमान पेश गरेको छु ।

त्यसैगरी ब्यय तर्फ चालु प्रशासनिक र कार्यक्रमगत खर्च रु. १० करोड १४ लाख ११ हजार ५

सय , वडा स्तरीय योजना  तथा कार्यक्रमहरुको लागि रु. २ करोड ८८ लाख, समपूरक तर्फ लागत सहभागिताको लागि रु. ३ करोड ३१ लाख ९९ हजार , गाउँपालिकास्तरीय योजनाको लागि रु. २ करोड १३ लाख ७२ हजार ५ सय खर्च हुने अनुमान पेश गरेको छु। यसका साथै विशेष अनुदान  तर्फ ४५ लाख, प्रदेश र संघीय शशर्त तर्फको रु २२ करोड १० लाख ०८ हजार तोकिएर आए बमोजिमका कार्यक्रममा खर्च गर्नेगरी ब्यय अनुमान पेश गरेको छु। सारंशमा पुजिगत तर्फ १६ करोड २१ लाख ७० हजार ५ सय र चालु तर्फ २७ करोड ९३ लाख १९ हजार ५ सय खर्च गर्ने व्यय अनुमान पेश गरेको छु। बजेटको विस्तृत विवरण अनुसूची १ मा समावेश गरेको छु।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

प्रस्तावित कार्यक्रम र बजेट तर्जुमा गर्ने क्रममा आफ्ना अमुल्य सुझावहरु प्रदान गरी सहयोग गर्नुहुने अध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू,स्थानीयवासी आमाबुवा, दिदी वहिनी तथा दाजुभाइहरु, विभिन्न राजनैतिक दलका मित्रहरु एवं बजेट तथा कार्यक्रमको यो मस्यौदा तर्जुमा प्रक्रियामा निरन्तर कार्य गर्ने कर्मचारी मित्रहरुलाई हृदय देखिनै धन्यवाद दिन चाहन्छु।

अब यसपछि सभाको बैठकमा यो प्रस्तावित कार्यक्रम तथा बजेटमाथि छलफल गरिने कार्यतालिका रहेको जानकारी गराउँदै सभाका सम्पूर्ण सदस्यज्यूहरुलाई यहाँहरुको गरिमामय उपस्थिति र सहभागिताका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छु।

धन्यवाद।